# प्राक्कथन

नेपाली समाजमा लोक-परम्पराका रूपमा चल्दै आएको नेपाली सवाई काव्य नेपाली कविताका परिप्रेक्ष्यमा पनि महत्त्वपूर्ण उपलब्धि बन्न पुगेको देखिन्छ । मौखिक परम्पराका रूपमा दीर्घकालदेखि चलिआएको यस लोकप्रिय काव्य-शैलीले प्राथमिक कालीन नेपाली कविताको उत्तरार्द्ध (१८७४-१९४०)को मध्यावधितिरबाट लिखित काव्य-शैलीमा परिणत भई नेपाली कविताको माध्यमिक काल (१९४०-१९७५) अतिक्रम गरी सक्दा-नसक्दा विकास-विस्तार वा प्रगतिको शीर्ष विन्दु स्पर्श गर्न समर्थ बन्न सकेको देखिन्छ । उदयकालदेखि नै समाजका विशेष गरी अल्पशिक्षित वा अर्द्धशिक्षित नेपाली काव्यानुरागीहरूमा सवाई काव्य लोक-मनोरञ्जक शिक्षाप्रद साहित्य-साधनका रूपमा लोकप्रिय रहेको पाइन्छ । दीर्घकालसम्म नेपाली कविताको मूल प्रवाहसँगै हाते-मालो गर्दै विकास-विस्तार एवम् प्रगतिको यात्रामा सहयात्री बन्दै आएको यो लोक-काव्य विधा नेपाली कविताको मूल प्रवाहले आधुनिकताका व्यापक सम्भावनाहरूलाई आत्मसात् गरी आधुनिक स्वर-लहरीमा तरलित हुन थालेपछि क्रमश: शिथिल, म्लान एवम् क्षीण बन्दै आएको पाइए तापनि नेपाली सवाई काव्य परम्परा कृश-सलिला बाग्मती झैं अद्यावधि प्रवाहशील नै रहेको छ ।

प्राथमिक कालीन नेपाली कविताको उत्तरार्द्धका कवि वसन्त शर्माले लोकप्रचलित सवाई छन्द-शैलीको अनुकरण गरी वि.सं. १९०१ मा *समुद्रलहरी*को रचना गरे पश्चात् बागदल डाँगीले *भोटको लडाइँको सवाई* (१९१२), दीनबहादुरले *काबुलको सवाई* (१९१९) र नरबहादुर रानाले *जङ्गबहादुरको सवाई* (१९३३)को रचना गरेपछि नेपाली लोकलयात्मक सवाई छन्द-शैलीमा नेपाली काव्य रचना गर्ने परम्पराको थालनी भएको देखिन्छ । त्यस बेलादेखि निरन्तर प्रवाहशील रहेको यो लोक-काव्यधारा १९७५ सम्मको यात्रा-क्रममा नेपाली समाजमा आफ्नो स्पष्ट पहिचान बनाउँदै लोक-काव्य विधाको श्रीवृद्धिका निम्ति पनि उल्लेखयोग्य भूमिका निर्वाह गरी विक्रमको बीसौं शताब्दीको अन्तिम चरणसम्म आइपुग्दा म्लान एवम् क्षीण बन्न पुगेको पाइन्छ । यसरी विक्रमको बीसौं शताब्दीको थालनीसँगै देखा परी त्यसै शताब्दीको उत्तरार्द्धतिर विकास-विस्तार एवम् प्रसिद्धि-पहिचानका चरणहरू पार गर्दै शताब्दीको अन्त्यसँगै क्रमश: म्लान एवम् क्षीण बन्न पुगेको नेपाली सवाई काव्यको प्रवाहको वास्तविकतालाई ध्यानमा राखी प्रस्तुत शोध-प्रबन्धमा वि.सं. १९०० देखि २०००को अवधिमा रचित, प्रकाशित एवम् उपलब्ध सवाई काव्यहरूको प्राज्ञिक विश्लेषण एवम् मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

नेपाली चाड-पर्व र मेलापातहरूको व्यापक प्रचलन तथा विविध जातीय लोक-संस्कृतिको चहल-पहल भएको ठाउँमा बाल्यकाल व्यतीत भएको हुनाले युवावस्थादेखि नै आफू अनायास नेपाली लोक-परम्परातर्फ आकर्षित हुन पुगिएछ । पछि अध्ययन-अध्यापनका आवश्यकताले लोक-साहित्यसम्बन्धी सिद्धान्त तथा यसका विविध पक्षतिर केन्द्रित भई अध्ययन गर्नु गराउनु पर्ने कर्तव्य निर्वाहका क्रममा यस क्षेत्रमा झन् आबद्ध हुन पुगियो । यसै सिलसिलामा नेपाली समाजमा

कुनै बेला समृद्धि, सफलता एवम् लोकप्रियताको शिखरमा पुगिसकेको तर वर्तमान क्षीण हुँदै गएको झैं प्रतीत हुने नेपाली सवाई काव्यमा प्राज्ञिक अध्ययन-अनुसन्धान गरिहाल्नुपर्ने आवश्यकता अनुभव भई रहेकै बेला उत्तरबङ्ग विश्वविद्यालयीय नेपाली विभागाध्यक्ष डा. भीमकान्त उपाध्यायले पनि यस किसिमको शोध-कार्यमा निर्देशन-सहयोग गरिदिने आश्वासन दिए पश्चात् १० अप्रिल १९९७ का दिन *नेपाली काव्यको विश्लेषणात्मक मूल्याङ्कन* भन्ने यो अनुसन्धान-शीर्षक उत्तरबङ्ग विश्वविद्यालयमा शोध-कार्यका निम्ति दर्ता-स्वीकृति प्राप्त गरी आज यस अवस्थामा सम्पन्न हुनपुगेको छ ।

प्रस्तत् शोध-प्रबन्धमा नेपाली सवाई काव्य तथा अन्यान्य कृतिहरूको रचना वा प्रकाशन काल अथवा रचनाकारहरूको जन्म-मृत्युसम्बन्धी समयको सूचना मूलतः विक्रम संवत्मा राखिएको भए तापनि एकाध ठाउँमा 'सन्' अगाडि राखी प्रचलित ईश्वीय सालको प्रयोग गरिएको छ । यसो गर्दा विक्रमीय संवत्का अगाडि 'विक्रम संवत्' वा छोटकरीमा 'वि.सं.' लेखिएको छ । पाद-टिप्पणीका अतिरिक्त अन्यत्र साल-संवत् सूचक सङ्ख्याहरू कोष्ठक भित्र राखिएको कुरा पनि यहाँ उल्लेख गर्न चाहन्छु ।

यस शोध-कार्यको प्रारम्भावस्थादेखि अन्तिमरूप तयार पारुन्जेल विशेष अनुरागका साथ मलाई सर-सल्लाह दिने, यस शोध-प्रबन्धको रूपरेखा तयार पार्ने लगायत आवश्यक सामग्री जुटाइदिने वा सामग्री-स्रोतको सन्धान दिने तथा हरतरहले प्रेरणा एवम् उत्साह दिने मेरा शोध-निर्देशक डा. भीमकान्त उपाध्यायप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । उहाँले जतिसुकै बेला, जुनसुकै अवस्थामा पनि म सामग्रीसहित पुग्नासाथ किञ्चित झिँजो नमानी आफ्नो वहुमूल्य समयवीचबाट उभारेर लेखेको सामग्री हेरिदिने, आवश्यक सुधारका निम्ति सर-सल्लाह दिने गरेको हुनाले नै निरुपित समयावधिभित्र यो शोध-कार्य सम्पन्न हुन पुगेको छ ।

यस शोध-प्रबन्धका निम्ति अधिकांश पाठ्य-सामग्रीहरू मदन पुरस्कार पुस्तकालय, ललितपुरबाट प्राप्त भएका हुन् । यस क्रममा त्यस पुस्तकालयमा अध्ययन गर्ने विशेष सुविधा उपलब्ध गराई दिने मदन पुरस्कार गुठीका अध्यक्ष कमल दीक्षितज्यू, पुस्तकालय प्रवन्धक गजेन्द्र रेग्मीज्यू तथा कर्मचारी चिरञ्जीविले गरेको अनुकम्पापूर्ण सहयोगलाई म विशेष कृतज्ञताका साथ स्मरण गर्दछु ।

त्यस्तै, शोध-कार्यमा आवश्यक सामग्री उपलब्ध गराइदिने विद्वान् समालोचक तथा पुराना साहित्य-सामग्रीका सङ्कलक शरद्चन्द्र शर्मा भट्टराई; भेटघाटका वेला शोध-कार्यको प्रगतिबारे जानकारी लिई स्नेहपूर्वक आवश्यक परामर्श प्रदान गर्ने मेरा आदरणीय गुरूहरू डा. वासुदेव त्रिपाठी, डा. चूडामणि वन्धु र श्री ठाकुरप्रसाद पराजुली, विद्वान् अनुसन्धाता डा. स्वामी प्रपन्नाचार्य, लोक-संस्कृतिका ज्ञाता धर्मराज थापा र हंसपुरे सुवेदीज्यू, अन्वेषक पूर्णप्रकाश नेपाल 'यात्री'ज्यू, जनकप्रसाद हुमागाईंज्यू तथा आदरणीय मित्र डा. नीलप्रसाद तिमसिनाप्रति म चिर कृतज्ञ छु ।

यस शोध-कार्यका निम्ति अनुमति दिने उत्तरबङ्ग विश्वविद्यालयप्रति म आभार व्यक्त गर्दछु । यस कार्यका निम्ति प्रयोजनीय विदा एवम् अन्य सुविधा मिलाइदिने त्रिभुवन विश्वविद्यालयको मानविकी सङ्काय, मेची बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख, मेरो पाठ्यभारसमेत अङ्गभर गरी मलाई अध्ययन गर्ने सुविधा दिई सहयोग गर्ने मेची क्याम्पस नेपाली विभागका मेरा सहयोगी मित्रहरू; आवश्यक पाठ्य-सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय तथा मेची बहुमुखी क्याम्पस पुस्तकालयका कर्मचारी मित्रहरू; अध्ययन क्रममा काठमाण्डौ बस्दा मेरो पठन-पाठन एवम् स्वास्थ्यको समेत विशेष ख्याल राख्ने मेरी स्नेही बहिनी उषा निरौला र ज्वाइँ लेखनाथ निरौला; दाइ मीनप्रसाद उपाध्याय तथा दिदी रञ्जु उपाध्याय; भाइ प्रदीप र कमल तथा असमबाट नेपाली विषयमा उच्च अध्ययन गर्न आएका विद्यार्थी भाइ-बहिनीहरूका साथै अन्य सबै सहयोगी, शुभाकांक्षी आत्मीयजनहरूप्रति सप्रेम सम्झना गर्न चाहन्छु ।

मेरो शोधकार्यमा विशेष उत्साह दिएर आफ्ना घरमा पुग्नासाथ सस्नेह मेरो भोक-तिर्खाको ख्याल गरेर मात्र नभई आफ्ना पति शोध-निर्देशकज्यूलाई समेत मेरा सामग्रीहरू छिटोभन्दा छिटो नजर गरिदिनुहुन अधिकारपूर्ण दवाब दिनुहुने आदरणीया सानीमा मलया ढुङ्गाना विशेष धन्यवादकी पात्र हुनुहुन्छ भने मैले गर्ने सम्पूर्ण सांसारिक कार्य एवम् अभिभावकीय गार्हस्थ कृत्यहरू आफ्नै काँधमा हाली मेरो शोध-कार्य सम्पन्न गर्न अभिरूचिपूर्ण ध्यान दिने तथा यस शोध-कार्यको सम्पन्नतामा सबैभन्दा बढी खुसी जाहेर गर्ने मेरी सहधर्मिणी मीरा (माया) पौडेलप्रति म कृतज्ञ छु ।

व्यावसायिक व्यस्तताका बीच समय निकालेर यो शोध-पुस्तक टङ्कण गरिदिने स्टार कम्प्युटर इन्स्टिच्युट, चन्द्रगढीका सञ्चालक भाइ नारायणप्रसाद अधिकारीप्रति धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, शोध-कार्यको प्रस्तुतिमा प्रत्यक्ष वा परोक्षरूपमा सहयोग गर्ने सबै पुस्तकका लेखक एवम् यस विषयमा मेरो दृष्टिपात गराई प्रेरणा अङ्कुरित गराउने सबै विद्वान् एवम् कलाकारहरूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

- द्रोणकुमार उपाध्याय